CC-0. In Public Domain. Digitization by eGangotri

श्री पशुपति

दर्शनपद्धति तथा महात्म्य



Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री पशुपति
दर्शनपद्धति तथा माहात्म्य

प्रकाशक
श्री ५ को सरकार
सञ्चार मन्त्रालय
सूचना विभाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मिति : २०४४, फागुन
संख्या : ५,००० प्रति

संस्करण– प्रथम

मुद्रक : साझा प्रकाशनको छापाखाना
पुल्चोक

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहदेव

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकाशकीय

देवाधिदेव श्री महादेवको पूजा-अर्चना र दर्शन मात्रले मानिसको कल्याण हुन्छ। सृष्टि, स्थिति र लयका अधिष्ठाता आशुतोष भगवान् शिवका दर्शनको महत्त्व दर्शाउने यो पवित्र ग्रन्थ आज सर्वत्र अभाव महसूस गरिएको थियो। पशुपति क्षेत्र विकास कोषबाट तयार गरिएको उनै श्री महादेवको माहात्म्य-वर्णन 'भगवान् श्री पशुपतिनाथ दर्शनपद्धति तथा माहात्म्य' नामक यो पुस्तिका प्रकाशन गर्न पाउँदा हामीलाई खुशी लागेको छ। यस पुस्तकको अध्ययनद्वारा सम्पूर्ण पाठकले आध्यात्मिक लाभ उठाउनेछन् भन्ने उद्देश्यले यसलाई प्रकाशनमा ल्याइएको छ।

अन्तमा पुस्तक लेखी सहयोग गर्नु हुने पं. श्री लोकनाथ आचार्य तथा यो रूपमा ल्याउन सहयोग पुऱ्याउने डा. श्री माधव भट्टराई धन्यवादका पात्र हुनुहुन्छ।

सूचना विभाग

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विषय-सूची

१.	नेपालमाहात्म्य	१
२.	श्रीपशुपतिनाथ	२
३.	श्लेष्मान्तक वन	२
४.	आर्यातीर्थ	३
५.	दर्शनक्रम	३
६.	बाग्मतीस्नान	४
७.	गौरी, किरातेश्वर र अन्य देवदेवी	५
८.	गुह्येश्वरीदर्शन	६
९.	गोरखनाथ र मृगस्थली क्षेत्रका देवदेवी	९
१०.	आर्यातीर्थ र आसपासका देवदेवी	१३
११.	मृगेश्वर र वत्सला	१४
१२.	पशुपतिनाथको प्रादुर्भाव	१५
१३.	भगवती वत्सलाको स्तुति	१८
१४.	पशुपति-प्राङ्गणपरिसरका देवता	२०
१५.	पशुपति दर्शन	२२
१६.	पशुपतिनाथको मुखविग्रह	२६
१७.	पशुपति स्तोत्रपाठ	२९
१८.	उपसंहार	३१

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भगवान् श्री पशुपतिनाथ दर्शनपद्धति तथा माहात्म्य

नेपालमाहात्म्य

शास्त्रमा वर्णित पीठहरूमध्ये नेपालपीठ किंवा गुह्येश्वरीपीठ अत्युत्तम मानिन्छ। पूर्वमा कोशी, पश्चिममा गण्डकी, उत्तरमा गोसाईंकुण्ड र दक्षिणमा नटेश्वर यी चार किल्लाभित्रको भूभागलाई नेपालक्षेत्र वा पाशुपत महाक्षेत्र भनिन्छ।[1] यस क्षेत्रमा अतिप्राचीन समयदेखि सुप्रसिद्ध वाग्मती नदी पनि रहेको छन्। श्रीपशुपतिनाथ यिनै वाग्मतीको पश्चिम तटमा सम्पूर्ण जीवलाई मुक्ति प्रदान गर्न राज गर्नुभएको छ। मुक्तिदायक भएकाले नेपालक्षेत्रलाई द्वापरसम्म मुक्तिकापुरी भनिन्थ्यो।[2] शिवपुराण आदिअनुसार न्याय-लक्षणाजन्य किंवा न्यायप्रतिपाद्य धर्मपालन गर्ने हुनाले यस भूभागलाई 'नयपाल' पनि भनिएको छ। हिमवत्खण्डअनुसार पशुपतिनाथले सुशोभित यही पुण्यभूमि नेपाल देशलाई तीनै लोकमा सर्वश्रेष्ठ बताइएको छ।[3]

---

१. (क) गण्डकी कौशिकी चैव तयोर्मध्ये वरं स्थलम्।
नीलकण्ठनटेशौ च तयोर्मध्ये तथाविधम्॥
नेपाल इति विख्यातं देवक्षेत्रं सुखप्रदम्।
(हिमवत्खण्ड, ७०।१–२)

(ख) मध्ये सर्वगरिष्ठानामेतेषां क्ष्माभृतां मुने।
पाशुपतं महाक्षेत्रं तत्तटं प्रविराजते॥ (हि. ख. ७०।१२)

२. कृते सत्यवती ज्ञेया त्रेतायां च तपोवती।
द्वापरे मुक्तिका नाम कलौ नेपालिकापुरी॥ (हि. ख. ७२।६४)

३. त्रैलोक्यानां गरिष्ठोऽयं नेपाल इति सर्वतः। (हि. ख. ६६।५६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

श्रीपशुपतिनाथ–

यस क्षेत्रका अधिष्ठाता भगवान् देवाधिदेव पशुपतिनाथ हुनुहुन्छ । "पशुपतिनाथ' यस शब्दसमुदायमा तीनवटा पद रहेका छन् । तीमध्ये पहिलो "पशु' शब्दको अर्थ समस्त जीव तथा 'पति' र 'नाथ' शब्दको अर्थ स्वामी, रक्षक वा पालक भन्ने हुन्छ । यसरी यी तीनवटै शब्दको सम्मिलित अर्थ मृगादि यावत् जीव-जगत्का पालन-रक्षणकर्ता अधिपति भन्ने हुन आउँछ।

श्लेष्मान्तक वन–

भगवान् पशुपतिनाथ राज भएको वर्तमान थलोलाई श्लेष्मान्तक वन भनिन्छ । यस वनमा भगवान् शिवका परमभक्त श्लेष्मान्तक नाउँका नागराज बस्ने गर्दथे । उनले सिद्धाचल (मृगस्थली) मा रही भगवान् महेश्वरको अत्यन्त भक्तिपूर्वक आराधना गरे । धेरै समय बितेपछि उनको तप-आराधनादेखि प्रसन्न भएर गौरीसहित भगवान् शिव प्रकट हुनुभयो र भन्नुभयो– "हे नागराज, तिमी मेरा प्रियभक्त भएकाले देव-दैत्यले वध गर्न नसकिने र स्वच्छन्दचारी हुनेछौ । यो पुण्यमय सिद्धाचल वन पुण्यात्माहरूले सुसेवित भएर तिम्रो नामले संसारप्रसिद्ध हुनेछ ।" यसपछि पार्वतीपट्टि फर्केर शंकरजीले भन्नुभयो– "यी चन्द्रभागा आदि तीर्थ, पवित्र नदी तथा अनेकौं मृगहरूले व्याप्त मृगकूट आदिहेर, तीं सबै मेरै रूप हुन् । सुलोचने ! अब म मृगरूप धारण गरेर मृगकै बथानमा पसी मृगस्थलीको अति रमणीय वनमा विचरण गर्दछु; मेरो दर्शनार्थ ब्रह्मा, विष्णु, इन्द्र आए भने मेरो रूप मृगस्वरूपमा परिणत भएको कुरा बताइदिनू ।"[४]

---

४. मृगयूथं समाविश्य रम्ये वनवरे शुभे ।
मृगरूपं समास्थाय चरिष्यामि सुलोचने ॥
यदा मद्दर्शनोद्युक्ता ब्रह्मविष्णुपुरन्दराः ।
पृच्छन्ति यदि मद्रूपं कथ्यतां सुरसुन्दरि ॥
(पशुपतिपुराण १६।२४–२५)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यातीर्थ–

भगवान् शिव हरिणरूप लिएर हरिणको बथानमा मिली विहार गर्न लाग्नुभएपछि भगवती पार्वती बाग्मतीतटमा बसी तपश्चर्यामा संलग्न हुनुभयो। जगज्जननी पार्वतीले जहाँ तपस्या गर्नुभएको हो, त्यस स्थललाई आर्यातीर्थ भनिन्छ। 'आर्यावर्त' नामकरणमा पनि यसको सम्बन्ध रहेको छ। जुन भूभागमा आर्या अर्थात् पार्वतीलाई, आवर्त अर्थात् पूर्वसंस्कारको उद्बोधन भयो, त्यही भूभाग नै आर्यावर्त पुण्यभूमि हो। भारतवर्षको शिरो-भाग आर्यावर्त हिमालय हो। यहाँ मृगरूपधारी शिव पशुपति भएर अन्त-र्ज्योतिःस्वरूपले राज गर्नुभएको छ। उहाँकै संरक्षकत्वमा यहाँ दयालु, दाता, विनयी, श्रुतिमान्, स्मृतिमान्, सदाचारी, निष्कपट, पुनीत, सात्त्विक, शुद्धाहारी, नीतिमान्, प्रीतिमान्, विशेष गुणसम्पन्न, आर्यलक्षणले विभूषित व्यक्तिहरू रहन्छन्। यहाँ वेद र संस्कृतिको रक्षापरम्परा चलिआएको छ। यसरी आर्यावर्तको शिरोभाग नेपाल–पशुपतिक्षेत्र भन्ने सार्थक नाम रहेको छ। यस क्षेत्रको दर्शन, स्पर्शन र भगवान् पशुपतिनाथको साक्षात्कार गर्नलि जीव भवसागर तर्दछ। त्यसको लागि दर्शनक्रमको बोध हुनु पनि नितान्त आवश्यक छ।

दर्शनक्रम–

वर्तमान पशुपतिक्षेत्रका देव-देवीहरूलाई विधि र क्रमअनुसार पूजन-अर्चन गरी श्रीपशुपतिनाथको दर्शन–पूजा गर्दा पशुपति–दर्शनक्रम पूर्ण हुन्छ। यस क्रममा बाग्मती स्नान गरेर गौरीतीर्थ, किरातेश्वर, गुह्येश्वरी, गौरीकुण्ड, गौरक्षनाथ, विश्वरूप, नीलसरस्वती, मंगलागौरी, भस्मेश्वर, आर्यातीर्थ, त्रिवेणीस्नान, मृगेश्वर, विरूपाक्ष, वत्सलागौरीको दर्शन–पूजा गरी दक्षिण ढोका चौसठ्ठीतर्फबाट प्राङ्गणमा प्रवेश गर्नुपर्दछ। त्यहाँ कीर्तिमुख–भैरव, नन्दी, भृङ्गण, ज्वरेश्वर, चण्डेश्वर, वासुकि नागराज, ढुण्डिगणेश, सूर्य, अपमृत्युहरेश्वर, गुप्तेश्वर, मुक्तिमण्डप-सन्तापहरेश्वरको दर्शन–अर्चन सकी केही क्षण स्वाध्याय वा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मन्त्रजप गर्नु मनास्सिव हुन्छ । त्यहाँबाट पश्चिम प्रदक्षिणात्रमले धर्मशिला-को दर्शन-पूजा गरी मन्दिरको दक्षिणद्वारबाट प्रवेश गरेर भगवान् श्रीपशुपतिनाथका समस्त मुखविग्रहको विधित्रमानुसार दर्शन र पूजन गर्नुपर्दछ ।

बाग्मतीस्नान–

पशुपतिनाथको दर्शनक्रममा सर्वप्रथम बाग्मतीस्नानको महत्त्व देखा पर्दछ । शिवको नाभिकुण्डबाट उत्पन्न भई शिवकै मुखारविन्दबाट बगेर पर्वत-को गुफाबाट प्रवाहित भएकी पवित्र नदी बाग्मती शिवगंगा र ब्रह्मसरस्वती नामले प्रसिद्ध छन् । बाग्मतीको जल भागीरथीको जलभन्दा सयगुना पवित्र छ । बाग्मतीमा स्नान गर्नाले राजसूय–अश्वमेध यज्ञको फल पाइन्छ, यमलोक-को यात्रा गर्नुपर्दैन, मुक्ति मिल्दछ भनी बाग्मतीको महिमा बताइएको छ ।[५] स्नान गर्नुअघि बाग्मतीको प्रार्थना गर्नुपर्दछ । सो प्रार्थना यस प्रकार गरिन्छ –

वागीशे ! वाग्भवे ! वाणि ! भारति ! भवहारिणि !
वाग्विभूति ! भवेशानि ! भवप्रिये ! नमोऽस्तु ते ।। १ ।।
नमस्ते देवि ! वाग्मत्यै सर्वदुष्कृतनाशिनि !
प्रणष्टं मेऽधुना पापं दर्शनात्ते चिरार्जितम् ।।२।।
पापप्रशमनार्थाय श्रीहरेस्तोषणाय च ।
स्नास्येऽहं त्वयि तीर्थे मे कैवल्यं देहि वाग्मति ।।३।।
यद् यत् कृतं मया पापं वाङ्मनःकायकर्मभिः ।
तत् सर्वं विलयं यातु तव तीर्थविगाहनात् ।।४।।
भक्तिहीनं क्रियाहीनं विधिहीनं मया कृतम् ।

---

५. नाभिकुण्डसमुद्भूतं यत्तेजः शंकरस्य च ।
जिह्वाग्राज्जलरूपेण पपात गिरिगह्वरे ।।
वाग्मती शिवगंगेति सा वै ब्रह्मसरस्वती ।
देवासुर्षिभिर्नित्यं प्रसेविता मुमुक्षुभिः ।। (हि. ख. ८७–५५–५६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यद् यत् सर्वं क्षम्यतां च प्रसीद मम वाग्मति ॥५॥

यसरी प्रार्थनापूर्वक स्नान गरी सदाचारी ब्राह्मणलाई गोदान दिएर आशिष लिनुपर्छ ।

गौरी, किरातेश्वर र अन्य देवदेवी–

नित्य सबेरै गौरीघाट–गौरीतीर्थमा स्नान कर्म सम्पन्न गरी भगवती गौरीको पूजा गर्नुपर्दछ । पुष्पाञ्जलि लिएर गौरीको स्तुति यस प्रकार गर्नुपर्छ–

नमो मंगले ! भिल्लरूपे ! भवानि !
नदीतीरसंस्थे ! स्वभक्तार्तिहन्त्रि !
समुद्धारय प्राञ्जलिर्नौमि तेऽहम्
कषाब्धेर्भवाब्धेश्च दुःखालयं माम् ॥

गौरीको दक्षिणमा पवनपुत्र हनुमान् हुनुहुन्छ । उहाँको दर्शन–पूजा गरिसकेपछि त्यहाँ विष्णुपादुका, शिवलिङ्ग, लक्ष्मीनारायण, नरसिंह आदि देवदेवीहरू संझी पूजा गरेर 'ॐ नारायण, हरि : ॐ तत् सत्' आदि मन्त्र जप्दै पुल तर्नुपर्छ । केही अघि बढेपछि दायाँतर्फ सिढी चढी माथि शिखरमा किरातरूप शिव किरातेश्वर महादेवको दर्शन र पूजा गर्नुपर्छ । अर्जुनले यिनै किरातरूपधारी महादेवबाट पाशुपतास्त्र प्राप्त गरेको घटना पुराणमा प्रसिद्ध छ । श्रद्धाभक्तिपूर्वक किरातेश्वर भगवान्को आराधना गर्नाले उहाँ प्रसन्न हुनुहुने र अन्त्यमा भक्तले उत्तम गति प्राप्त गर्ने निश्चित छ । किरातेश्वरको दर्शन गरी मूल सडक पक्रेर बाग्मतीको किनारै-किनार जाँदा बीचमा त्रैलोक्यमुक्तेश्वर, पृथिवीप्रकाशेश्वर, त्रिभुवनप्रकाशेश्वर, राधाकृष्ण आदि मन्दिरहरू आउँछन् । त्यहाँबाट अघि बढेपछि ठूलो पीपलको बोट आउँछ । त्यहाँ कल्कलाएको बाग्मतीको तटमा संस्थापित शिव, नारायण, नृसिंह, हनुमान्, तुलसी, विष्णुपादुका, सरस्वती आदि देवताको दर्शन र परिक्रमा गरेर उत्तरवाहिनी बाग्मतीमा संकल्पपूर्वक स्नान–दान गर्नाले अक्षय पुण्य प्राप्त हुन्छ भनिएको छ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

गुह्येश्वरीदर्शन–

त्यसपछि गुह्येश्वरीदर्शनको क्रम आउँछ। गुह्येश्वरी–पीठको परिसरमा रहेको प्रवेशद्वारबाट भित्र पस्नासाथ सिढीमाथि प्राङ्गणमा अतिसुन्दर मन्दिर देखिनेछ। मन्दिरको छानामा नाग बेरिएका छन् र मन्दिरवरिपरि सिंहका मूर्तिहरू रहेका छन्। प्राङ्गणको बीचमा मन्दिरको पूर्व–उत्तरपट्टि अग्ला–अग्ला ढुंगे खम्बामाथि खड्ग, त्रिशूल, तरवार, ढाल लिएका र मुकुट पहिरिएका राजा–महाराजाका तस्वीरहरू छन्। स्व. श्री ५ महेन्द्र सरकारको प्रतिमूर्ति पनि त्यहाँ छ। वायव्यकोण र ईशानकोणमा शिव र विष्णुका मूर्ति छन्। मन्दिरमा बाहिर पूर्वतर्फ एउटा गुफाजस्तो छ, त्यहाँ मृगविहारी शिवजी रहनुभएको छ। पश्चिमतर्फ पनि विभिन्न देव–देवता छन्। मन्दिरवरिपरि घेरै घण्टाहरू जडिएका छन्। चारैतिर धर्मशाला छन्। त्यहीं पुजारी र सेवकवर्ग रहने गर्दछन्। दलानमा अखण्ड धुनी छ। त्यहीं दुवैतर्फ दलानमा भजनार्थी र भक्तजनको लागि स्थान सुरक्षित छ। यसै ठाउँमा साजबाज उपकरण र गुह्येश्वरीदेवीका विविध विग्रहका तस्वीरहरू टाँगिएका छन्।

सतीदेवीको गुह्यस्थान पतन भएको र त्यसबाट पवित्र पीठ बनेको प्रसङ्ग देवीभागवतमा पनि उल्लिखित छ। गुह्यकालीको पीठ-कुण्डद्वारमा मिल्दो कलश संस्थापित छ। पीठ-कलशको पूजा तन्त्रविधिअनुसार हुने गर्दछ। तन्त्रशास्त्रमा गुह्येश्वरीको ध्यानस्वरूपको वर्णन गरिएको छ, जसको संक्षिप्त उल्लेख गर्न प्रासङ्गिक देखिन्छः– रगतको समुद्रमा रगत–मासुले बनेको नव कोटि चामुण्डा र भैरवले घेरिएको द्वीपमा दश हजार योजनसम्म विशाल मण्डलको वरिपरि एक कोटि भैरवीहरूले घेरेको प्राकार छ। त्यसभित्र एक सय योजन टूलो मसानमा प्रज्वलित आगाको ज्वालाले नक्षत्रमण्डलसम्म ढाक्ने को, कोटि योगिनीहरूले ताली बजाएका, मनुष्यका आन्द्राभा उनिएका मुण्डमालाले तोरणमाला बनाएको, मसानमा निर्मित दिव्य सिंहासनको चार कुनामा चार वेदले धारण गरेको, त्यसमाथि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

चार उपवेदले टेवा दिएको, अर्को सिंहासनमाथि आ-आपना वाहन र अस्त्र-शस्त्रले युक्त दश दिक्पाल तथा ब्रह्मा, विष्णु, रुद्र, ईश्वर र सदाशिव यी पञ्चप्रेतले अर्को ठूलो सिंहासन बोकेको, त्यसमाथि षोडशदल कमलमा शिवासन र त्यसमाथि अष्टदल कमलमा विराजमान नीलो कमलतुल्य श्याम र इन्द्रनीलमणिको जस्तो तेजपुञ्ज भएको, मेघजस्तो शरीर र हरियो दूबोजस्तो कान्ति भएकी देवी रहनुहुन्छ । उहाँका दश शिरमध्ये सातवटा शिरमा तीन-तीन आँखा र तीनवटा शिरमा दुई-दुई आँखा छन् । माथिल्लो एउटा मुख दीपक, दोस्रो मुख सिंह, तेस्रो मुख कालो श्याल, चौथो मुख रातो वानर, पाँचौं मुख छिरबिरे मानिसको अनुहार, छैठौं मुख फुस्रो भालु, सातौं मुख पहेंलो गरुड, आठौं मुख दायाँ-पट्टि हरियो माछा, नवौं मुख बायाँपट्टि सेतो हात्तीको र अगाडिको दशौं मुख श्यामवर्ण, दंष्ट्राकराल, तरुणशब्दयुक्त र अट्टहास गरिरहेको, जिब्रो चलाइरहेको, रगत बगिरहेको, शत्रुको आन्द्रामा उनेका बालक मुर्दाको शिर किङ्किणी, चउन्नवटा हातहरूमा रत्नमाला, कपाल आदि धारण गरेकी, जपापुष्पजस्तो सर्पको पाउजू, सेता सर्पको बाजू, फुस्रा सर्पको कन्धनी, सेता सर्पको जन्तर र सेतै सर्पले जटा बाँधिएकी, बाघको छाला लगाएकी, चितुवाको छाला ओढेकी, महाप्रलयकालका कोटि सूर्य र अरबौं बिजुलीको जस्तो तेज भएकी, देवताहरूले पनि हेर्न नसकिने विचित्र स्वरूपकी गुह्यकालीको चित्रण गरिएको छ ।

गुह्येश्वरीपीठको प्राङ्गणका मध्यमा विशाल मन्दिरभित्र कुण्ड रहेको छ । यो गुह्येश्वरीकुण्डरूपा भगवती सतीको पीठ हो । यसमा सुवर्णकमल, त्यसमाथि कलश, कलशमा पनि कमल रहेको छ । यी भवमोचनी गुह्येश्वरी जननी आद्याशक्ति हुन् । यिनको दक्षिणपट्टि सुवर्णमय भैरवमूर्ति छ । यो पीठ देवीको नित्य निवास भएको स्थान हो ।[६] यहीं नै रमणीय वन र सर्वतीर्थ

---

६. इदं देव्या रहःस्थानं पुराणं सर्वसिद्धिदम् ।
सतीगह्यनिपातेन ततोऽपि श्रेष्ठतां गतम् ॥
(कालिकापुराण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

रहेका छन् । यस तपोवनमा शिव मृगरूपले विचरण गर्नुभएको र सतीको कङ्काल लिएर शान्तिको खोजमा शिव घुम्नुभएको हो । यहाँ शान्त वातावरण र मनोहरता कायम छ । ऋषि-मुनि र देव-गन्धर्वले पनि तपस्या गरिएको हुँदा अझै पनि यस क्षेत्रमा ती सबै वृक्षादिरूपमा रही तपोरत छन् भनिएको छ । यहाँ रहेर शिव-पार्वतीको दर्शन-भजन गर्नाले मोक्ष प्राप्ति हुन्छ भनिएको छ ।[७] यो गौरीशिखर सिद्ध मुनिजनले सुसेवित, अति पवित्र र रमणीय पनि छ । यहाँ लोकरक्षार्थ सधैं तत्पर भगवती जगज्जननी पार्वती राज भएको छ । यिनको दर्शन-स्पर्शले भक्त सालोक्य मुक्ति प्राप्त गर्दछन् ।[८] ती भगवती यिनै गुह्यकाली हुन् । यिनको मन्दिरमा विविध मुण्डावली रहेका छन् । अष्टमङ्गल यहीं छन् । सुवर्णमय मन्दिरको पश्चिमतर्फ तीनवटा द्वार रहेका छन् । कुण्डमा बुलबुलाएको जल छ, जहाँ दर्शनार्थी भक्तको हातमा कहिलेकाहीं त माछा पनि आउने गर्दछ, त्यस्तो भएमा अवश्य शुभ हुन्छ भन्ने किंवदन्ती छ र कतिले अनुभव पनि गरेकै छन् । गुह्येश्वरीसँगै क्षेत्रपाल, वासुकि नागराज विराजमान छन् । अष्टमातृका पनि त्यहीं छन् । चारकोणमा सिंहले समातिएका पानसमा धूप-बत्ती बालिन्छ । यहीं माताजीको दर्शन गर्न ब्रह्मादि धाउने गर्दछन् भनिन्छ, नजाने कुन-कुन रूपले आउँछन् । आमा गुह्येश्वरीको शासनमा गणेश, भैरव पनि रहने गर्दछन् । दक्षिणतर्फ वासुकि र बीचमा कछुवारूपी विष्णु विराजमान देखिन्छन् । पश्चिमतर्फ

---

७. अतः पूर्वोत्तरे भागे गुह्येश्वरीति नामतः ।
मम मूर्तिश्च सा शक्तिर्भक्तानां मोक्षकृत् सदा ॥
(हि. ख. ८३।७०)

८. गौर्यास्तु शिखरं तत्र गच्छेत् सिद्धनिषेवितम् ।
यत्र सन्निहिता नित्यं पार्वती शिखरप्रिया ॥
लोकमाता भगवती लोकरक्षार्थमुद्यता ।
तस्याः सालोक्यमायाति दृष्ट्वा स्पृष्ट्वाऽभिवाद्य च ॥
(वाराहपुराण ११५ अ.)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

अष्टमातृका र छिन्नमस्ता पनि छन् । भगवतीको पूजा प्रातः, मध्याह्न र सायङ्कालमा नियमित रूपले हुन्छ । त्यहाँ भजन-कीर्तन गरिन्छ र ब्राह्मणहरू चण्डी एवं मन्त्र-स्तोत्र पाठ-जप गरी बस्ने गर्दछन् । भक्तजन कुण्डमा नै शिर झुकाएर दर्शन गर्छन् । पूजामा दूध, दही, घिउ, सखर, मह, फल-फूल, मिठाई-पेडा आदि अर्पण गरिन्छ । कतिपय भक्तजन मदिरा, अण्डा आदि पनि अर्पण गर्दछन् । तर कुण्डमा कुनै प्रकारको जीव-बलि हुँदैन, छुट्टै भैरव-मूर्तिमा बलि चढ्दछ । पूजामा स्तुति-पाठ पनि गर्दछन् । धेरै पाठ गर्न नसके तापनि निम्नाङ्कित स्तुति गर्नु राम्रो हुन्छः–

गुह्येश्वरि ! नमस्तुभ्यं श्रीहरप्राणवल्लभे !
त्वद्दर्शनात्स्पर्शनाच्च पूर्णाः सन्तु मनोरथाः ॥१॥
समस्ताघौघनाशार्थं नाशार्थं वैरिणां तथा ।
धन-धान्यसमृध्यर्थं नौमि त्वाऽनिशमीश्वरि ॥२॥
पुष्पसारं मधु यया पयः सारं हविस्तया ।
उक्तं संसारसारं च दर्शनं तव कोविदैः ॥३॥
न कृतो जपश्च न कृतं तपो मया
न हि तीर्थमल्पसुधियाऽनुसेवितम् ।
न च दुःखिनेऽन्नमपवर्जनं कृतं
शरणं त्वमेव हि शिवानि मेऽसकृत् ॥४॥
भवतीं स्मरन्ति मनसाऽपि येऽसकृत्
न हि दर्शयन्ति यमपत्तनं नराः ।
सकलात्कषाच्च हि विमोचिता नरा
निवसन्ति ते मणिपुरं चिरं खलु ॥५॥
य इदं पठते भक्त्या त्रिसन्ध्यं कालिकापरः ।
स नरो मोक्षमाप्नोति गुह्येश्वर्याः प्रसादतः ॥६॥

गोरखनाथ र मृगस्थली क्षेत्रका देव-देवी

भगवती कालीको पूजा-आराधना समाप्त गरी पश्चिमपट्टिको बाहिरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

ढोकाबाट निस्केर ढुङ्गे सिढी उक्लेपछि दायाँतर्फ रहेका साक्षीगणेशको दर्शन-पूजा गरिन्छ । त्यहाँबाट दक्षिण सिढी चढ्दै जाँदा गोरखनाथको मन्दिर पुग्नुअगावै सीता-गुफा र त्यसको पश्चिमपट्टि पर्खालबाहिर रूखको फेदमा गौरीकुण्ड (कसैले सीताकुण्ड भन्दछन्) को दर्शन र अभिषेक गरिन्छ । त्यसपछि गोरक्षनाथको मन्दिरमा पुगी दर्शन-अर्चन गरी समीपवर्ती काली, भैरव र दलानमा स्थित अखण्ड धुनीको दर्शन गर्नु, प्रसाद लिनु अनि त्यहाँका गद्दीको दर्शन गर्नु आवश्यक ठानिन्छ । त्यहाँ नाथसम्प्रदायका साधु र एक जना मठाधीश पनि रहन्छन् । गोरखनाथजीको चक्रादि पूजा-आजा तिनै नाथ-साधुद्वारा हुन्छ ।

गोरखनाथ-मन्दिरदेखि दक्षिण मैदानमा ठूलो पीपलको बोट छ, त्यहाँ साधु-सन्त रहने स्थान पनि छ । यस सिद्धाचलमा योगमार्गद्वारा इहलोक दर्शन गर्ने योगी गोरक्षनाथजी रहनुहुन्छ । उहाँको दर्शन-पूजा गनलाई हज्जार गाई दान गरेको पुण्यफल प्राप्त हुन्छ भनी हिमवत्खण्डमा लेखिएको छ ।[९] त्यसै गरी सिद्ध गोरक्षनाथ, मत्स्येन्द्रनाथ र चौरङ्गीनाथ जस्ता सिद्धहरू रहेको सिद्धाचल मृगस्थलीक्षेत्रमा योगी गोरखनाथजीको ध्यान-जप गरी तीन रातसम्म बसेमा श्रेष्ठ योगी हुन सकिन्छ भनी बताइएको छ ।[१०]

उपर्युक्त पीपलबोटदेखि पूर्वपट्टि विशाल मन्दिर छ । त्यसमा विश्वरूपा भगवती रहेकी छन्, जसलाई लोकव्यवहारमा विश्वरूप भनिन्छ । वरिपरि

---

९. तत्र गोरक्षकं नाम गोवृषपदबोधितम् ।
आलोक्य च पुमान् देवा गोसहस्रफलं लभेत् ॥ (हि. ख. ८३।६९)

१०. (क) गोरक्षनाथसिद्धोऽसौ योगेनात्र समास्थितः ।
मत्स्येन्द्रेण समं नित्यं चौरङ्गिणा तथापरैः ॥
(हि. ख. १५२।५२)

(ख) त्रिरात्रं वसते तत्र तं गोरक्षं स्मरन् धिया ।
योगीश्वरो भवेदाशु सिद्धदेहो भवेत् सदा ॥
(हि. ख. १५२।५६)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

भवन, बीचप्राङ्गणमा विशाल भव्य मन्दिर, बाहिरपट्टि चार कोणमा अन्य स-साना मन्दिर र तिनमा देव-देवीका आकर्षक ढलौटे मूर्ति छन् । त्यहीं भैरव-शिला छ, त्यसैमा प्रतिअष्टमी र विशेष पर्वमा पञ्चबलि चढ्छ । विश्वरूप-मन्दिरको बाहिरी मैदानमा प्राचीन गणेशमूर्ति र त्यसदेखि पूर्व-दक्षिणपट्टि वर्तमान ध्रुवस्थली भनिने स्थान छ । त्यहाँ वरिपरि बयारीले घेरिएको भूभागको बीचमैदानमा दुई शिलारूप स्तन छन् । ती स्तन सतीदेवीका छातीबाट पतन भएका भनिन्छन् । त्यहीं नजीक शिवपुरी-बाबाको कुटिमुनि खोंचमा दूधकुण्ड छ, जुन तिलगंगाको शिर पनि हो । शिवपुरीबाबाले कुण्डलाई राम्रो कुवाको रूप दिएर निर्माण गर्नुभएको थियो । यो क्षेत्र मृगरूप शिवले विहार गर्नुभएको श्लेष्मान्तक वनको केन्द्रबिन्दु मानिन्छ । भगवान् शिवले खान-पिन, घुम-फिर, शयन-गमन, आदि क्रीडा गर्नुभएको शुभ, पवित्रस्थल भएकोले यहाँ रहँदा अत्यन्त आनन्दानुभूति हुन्छ । यहाँको कुनै पनि खण्ड अति पवित्र पुण्यक्षेत्र मानिएको छ ।[११] यो पुण्यस्थल भगवान् शिवको क्रीडास्थली (मृगस्थली) नामले प्रसिद्ध छ । भगवान् शिवले यहीं मार्गकृष्ण चतुर्दशीका दिन मृगरूप धारण गर्नुभएको थियो । (मार्गकृष्णचतुर्दश्यां मृगरूपं धृतं मया ।– हि. ख. ८० अ.) अतः यस दिनमा यहाँ मेला लाग्दछ, यस दिनलाई एउटा ठूलो पर्व मानिएको छ र यो दिन बालाचतुर्दशी नामले प्रसिद्ध छ । यस दिनमा बाग्मती-स्नान गरी दिनभर व्रत बसी, मन-वचन-कर्मले भगवान् शिवको ध्यानमा तत्पर रहेर बाग्मतीदेखि मृगस्थली–भूमण्डलपर्यन्त घुमेर बहुव्रीहि अर्थात् धेरै ऽकार (स्य ऽकार) का धान्यादि अन्नबीज-प्रक्षेपण गर्नाले शिव प्रसन्न भई पितृले मुक्ति पाउँछन् भनिन्छ । यस पुण्य-स्थलीमा जति प्रक्षेपित अन्नले स्थान लिन्छ, त्यति बढी शुभफल प्राप्त

---

११. आशितं शयितं यातं भुक्तं पीतं मृगेण मे ।
तत्र तत्र भवेत् सर्वं पुण्यक्षेत्रं हि सर्वतः ॥ (हि. ख. ८३।१३३)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

हुन्छ र पाइलापिच्छे अश्वमेधयज्ञबराबरको पुण्य पाइन्छ भनिएको छ[१२]—

गोरक्षनाथको पीपलबोटनिर उकालोको मुखमा साक्षी स्वरूप गणेशको मूर्ति छ र त्यहीं नगीचमा रत्नेश्वर शिवलिंग छन् । दुवैको दर्शन-पूजापछि पश्चिम ओरालो सिढी ओर्लेर पुछारमा बाग्मती पूर्वतटमा रहेका रामचन्द्र विष्णु भगवान्को विशाल मन्दिर र मूर्तिको दर्शन-पूजा गर्नु अत्यावश्यक छ । त्यहीं संस्थापित रामलक्ष्मणको मन्दिर पनि छ । भगवान् रामचन्द्रको स्तुति-पाठ निम्नानुसार गर्न सकिन्छ—

संसारसागरतरङ्गनिमग्नदेहः
पुत्राऽऽत्रलादिपरिबद्धमनोनिवृत्तिः ।
मूढो नरो नरकरूपिकुटम्बरक्त-
स्त्वां रामचन्द्रमनिशं हृदि भावयामि ॥१॥
यत्पादपङ्कजरजोऽखिलकिल्बिषघ्नं
ब्रह्मेश्वरप्रमुखदेवगणादिपूज्यम् ॥
यद्रावणारिशमनं धृतनृस्वरूपं
श्रीरामचन्द्रमनिशं हृदि भावयामि ॥२॥
श्रीनारदादिमुनयश्चरितानि यस्य
गायन्ति रामरमणाहृदा ह्यजस्रम् ।
यन्नामसाररसिकौ विधिशङ्करौ च
श्रीरामचन्द्रमनिशं हृदि भावयामि ॥३॥
नमो नमो नमस्ते मे नमस्ते नररूपिणे ।

---

१२. मार्गकृष्णचतुर्दश्यां शुद्धात्मा भक्तितो नरः ।
स्नात्वाऽरोहति वाग्मत्यामारभ्य शंकरस्थलीम् ॥
मृगस्थली गिरिं भ्राम्य व्रीहीन् क्षिपति यत्नतः ।
सुवर्णरतिकातुल्यं व्रीहिमेकं च तत्फलम् ॥
पदे-पदेऽश्वमेधस्य फलं प्राप्नोति निश्चितम् ॥
हि . ख. ८३।१३४–१३५ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुनर्नमस्ते मूढोऽहं यन्मायामोहितो नरः ॥४॥
य एवं पठते भक्त्या रामं हृदि निधाय च ।
सर्वान् कामानवाप्नोति रामचन्द्रप्रसादतः ॥५॥
योऽतितापी च पठते त्रिवारं रामतत्परः ।
स मुच्यतेऽखिलैः पापैः परं ब्रह्माऽधिगच्छति ॥६॥

आर्यातीर्थ र आसपासका देव-देवी

त्यसपछि वत्सलेश्वरी-मन्दिरदेखि दक्षिणतर्फ मंगलागौरीको दर्शन-परिक्रमा गरी उत्तर किनारै-किनार आर्यातीर्थ-आर्याघाटमा पुग्नुपर्छ। ब्रह्मनाल, आर्या, मृगोदक, खर्बरिका यसको पूर्वतटमा पर्दछन् । यहीं कोषोदक तीर्थ पनि छ। यहाँ बसी गरेको स्नान, सन्ध्योपासनाको ठूलो माहात्म्य छ। यसैको नजीक उत्तरमा भृगुपतननामक गुफा छ। त्यसको मूलमा ब्रह्मभेद तीर्थ छ। आर्या, मृगोदक, खर्बरिका तीर्थ त्रिवेणीका जलले स्नान वा-सेचन गरी ब्रह्मनालमा अवस्थित श्रीतारकेश्वर भगवान्को अभिषेक-पूजा गर्नु उचित हुन्छ। त्यहीं पश्चिम भित्ता का मन्दिरमा मृगरूप शिव र विरूपाक्षको मूर्ति छ । मृगेश्वर, विरूपाक्ष, विरूपाक्षकी वृद्ध मातासमेतलाई शिवगंगा-ब्रह्मसरस्वतीको जलले स्नान-पूजा गरी दक्षिणतर्फ लाग्नू । पुलको बीचमा यमराज, नारायण, नवग्रह, विनायक समुदाय,वत्सलादेवी र बटुकभैरवको दर्शन-पूजा गर्नु आवश्यक छ ।

पशुपतिक्षेत्रका तीर्थहरूमा राजराजेश्वरीतीर्थको पनि विशेष महत्त्व बताइएको छ। आश्विन कृष्ण वा शुक्ल नवमीमा यस तीर्थमा स्नान गर्नाले सात जन्मको पाप पनि नष्ट हुन्छ भनिएको छ।[१३] राजराजेश्वरीतीर्थदेखि उत्तर बाग्मती-तटमा भस्मेश्वर महादेव खुला मैदानमा हुनुहुन्छ र त्यहीं उत्तरतर्फ सरस्वती पनि हुनुहुन्छ । उहाँहरूको दर्शन-पूजन गरी पुनः

---

१३. राजेश्वरीमहातीर्थे नवम्यां राश्विने द्वयोः ।
सप्तजन्मार्जितैः पापैः समुक्तो नात्र संशयः ॥ (हि.ख. १६०।६८-६९)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आर्यातीर्थमा गएर तारकेश्वर र ब्रह्मनालको दर्शन-पूजा गरी जलसेचन गर्नुपर्छ, सके स्नान नै गर्नु उत्तम हुन्छ । ब्रह्मनालको जल पान गर्नाले जस्तै पापी, कुकर्मी मानिस भएपनि सात जुनीसम्म गरिएका संचित पापबाट मुक्त हुन्छ । जसले ब्रह्मनालको एक थोपा मात्र जल पिउँछ, उसले कुलीनता प्राप्त गर्छ, पापकर्म छाड्छ र सुकर्ममा चित्त दिन्छ भनिएको छ । आर्यातीर्थमा सङ्कल्पपूर्वक जल चढाउनाले सयौं पुस्ताका पितृको उद्धार हुन्छ ।

मृगेश्वर र वत्सला

मृगरूप शिवले विहार गरी थाकेपछि विश्राम गरेको स्वरूप मृगेश्वर हो । यस अतिश्रेष्ठ तीर्थको जसले जीवनमा एक पटकमात्र पनि दर्शन गरेको छ, त्यसको पशुभाव वा जीवभाव छुट्तछ । वत्सलादेवी जननी गौरी हुनुहुन्छ । भगवान् शिव अन्तर्ज्योतिरूपले यस रमणीय स्थानमा रहनुहुने भएपछि आफ्नो वत्सला (प्यारी) गौरीलाई वत्सला नामले आफ्नो आग्नेयकोण वाग्मती-तटमा बस्न उहाँले आज्ञा दिनुभयो । यस प्रकार मृगरूप शिव नै अन्तर्ज्योतिर्मय पशुपतिनाथ र गौरी नै वत्सला हुनुहुन्छ । मृगरूपमा भगवान्ले दिव्य दशहज्जार वर्ष बिताउनुभयो । ब्रह्मा, विष्णु, इन्द्र तथा अन्य देवताहरू पनि प्रेरणा पाएर शिवलाई खोज्दै यस पुण्यभूमिमा आइपुग्दा वाग्मतीतटमा तप गरी एक्लै खेलिरहेकी कन्यारूप सुन्दरीलाई देखे र विचार गर्दा 'जगन्माता हुन्' भन्ने बोध भयो । प्रार्थना गरेपछि कन्यारूपा गौरीले भन्नुभयो—"शिव एकशृङ्ग सुवर्णमय मृगरूपमा भ्रमण गर्दै हुनुहुन्छ, त्यहीं सिद्धाचलमा गएर खोज, हेर, चिन ।" ब्रह्मादि देवता सिद्धाचलको मध्य वनमा गए, चारैतिर खोजे, मृगबथानमा एकशृङ्ग सुवर्णमय मृगलाई देखेर प्रार्थना गरे, भगवान्ले दर्शन दिनुभएन न कुनै शब्द आज्ञा भयो; अनि सबैले मिलिमतो गरी मृगलाई घेरे, बल्ल बल्ल मृगलाई समाते र रोक्ने कोशिश गरे । उम्कने डर भयो, सबैले बल गरे, सिङ्मा समातेका थिए, अचानक सिङ तीन टुक्रा भएर भाँचियो, मृग अलप भयो । अनि ब्रह्मादि त्रिदेवले प्रार्थना-स्तुति गर्दै आफूबाट भएको

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

व्यापकर्ममा क्षमा मागे । भगवान्बाट आकाशवाणी भयो–"म सधैं लिङ्ग रूपले यहीं बस्छु, त्रिलोकको कल्याणार्थ तिमीहरूले तीन लोकमा मेरो भृङ्गरूप लिङ्ग जहाँ-जहाँ स्थापना गछौ । म त्यहाँ-त्यहाँ प्रकट भएर रक्षा गरौंला । अनि ब्रह्माले यसै पुण्यस्थली चन्द्रभागा र शिवलिङ्गको तटमा ब्रह्मलोक स्थापना गर्नुभयो र गोकर्णेश्वर नामले प्रसिद्ध भयो । इन्द्रले स्वर्गमा र विष्णुले वैकुण्ठमा लिंग स्थापना गर्नुभयो । कालान्तरमा यहाँ रावण, बाणासुर आदि वीरले भगवान् शिवको आराधना गरी ठूला-ठूला यज्ञ गरी लङ्केश्वर बन्न सक्ने वरदान प्राप्त गरेको प्रसङ्ग पुराणमा पाइन्छ ।

पशुपतिनाथको प्रादुर्भाव

मर्त्यलोकमा भगवान् शिव मृगरूपमा रही पछि गुप्तरूपले रहनुभएको धेरै काल बित्यो । सिद्धाचलको वारिपट्टि बाग्मतीपश्चिम किनारमा स्थित वन-प्रान्तमा एउटा ठूलो खाडल पऱ्यो । धेरै समयपछि त्यसमा माटो भरिन गयो । त्यहाँ कमलो घाँस उन्नेकोले सधैं एउटी गाई आई चर्न थालिन् । उनी कामधेनु थिइन् । सबै कुरा थाहा पाउँथिन् । त्यसैले गंगास्नान गरी स्वेच्छया दुग्धक्षरण गर्दथिन् । बेलुका चन्द्राचल-शिखरनजीक शिखनारायण-सामु गई बस्ने गर्दथिन् । यसरी लामो समय बितेछ । एक दिन एक जना म्लेच्छले देखेर आफ्ना साथीहरूलाई भनेछ । सबैको विचारले त्यहाँ अपार सम्पत्ति छ भन्ने निश्चय गरेर त्यहाँ खन्ने निधो गरी खने । केही तल पुगेपछि ती सबै ज्योतिर्लिङ्गको तेजले भस्म भए । यो कुरा सर्वत्र फिजियो । एक कान, दुई कान हुँदा-हुँदै ब्रह्मलोकनिवासी ब्रह्माले पनि सुन्नुभयो र ध्यानदृष्टिले 'पशुपतिनाथ' प्रकट हुनुभएको कुरा पत्तो पाउनुभयो । अनि महाविष्णुलाई साथ लिएर घटनास्थलमा पुग्नुभयो । उहाँहरूले त्यहाँ असहनीय तेजको दर्शन पाउनुभयो र ब्रह्माले त्यस तेजपुञ्जमाथि सम्पूर्ण शुभलक्षणयुक्त पञ्चमुखी रत्नमय पाषाणमूर्ति जलहरिसहित स्थापना गर्नुभयो, तर पनि तेज छोपिएन । महाविष्णुले त्यसमाथि इन्द्रनीलमणिमय स्यस्तै पञ्चमुखी लिङ्ग स्थापना गर्नुभयो । भन्ने कुरा हिममत्खण्ड

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

आदिमा पाइन्छ ।

पशुपति प्रकट भएको थाहा पाएर यहाँ सारा देव-देवता, ऋषिगण आई गंगास्नान गरेर शिवको सेवा-आराधनामा तल्लीन रहन थाले । सृष्टि-पूर्व संसार जलमय थियो । त्यतिखेर केवल ब्रह्मा र विष्णुमात्र थिए । ती दुवै आ-आफूलाई ईश्वर हुँ भन्ने ठान्दथे । दुवैमा विवाद हुन थाल्यो, एउटाले अर्कोलाई ईश्वर भनी नस्वीकार्ने भएबाट झगडाको टुङ्गो लागेन, दिव्य दश हजार वर्ष बित्यो । कुनै समयमा अकस्मात् दुवैको सामु अत्यन्त विस्तृत र असंख्य लामो ज्योति प्रकट भयो र "जसले यस ज्योतिको आदि-अन्त्य पत्तो लगाउँछ, त्यही नै 'ईश्वर' हुनेछ" भन्ने आकाशवाणी भयो । अब दुवै आदि-अन्त्य पत्तो लगाउन तम्सिए । को, कता जाने भन्ने विमर्श भयो र ब्रह्मा माथितिर र विष्णु तलतिर लागे । विष्णु हार मानेर फर्केर चुप-चाप बसे । ब्रह्माले पनि पत्तो लगाउन त सकेका थिएनन् तर उनले विचार गरे–'यसरी भएन, 'ईश्वर' बन्ने उपाय ता गर्नै पऱ्यो' भनी ज्योतिर्लिङ्गको अन्त्य पत्तो लागेको कुरामा केतकी, जपापुष्प, बन्धूकपुष्प, कामधेनुलाई साक्षी बबने कुरा मिलाएर विष्णुको सामु उपस्थित भए । विष्णुले ती सबैसँग क्रमैले सोधे । केतकी, जपापुष्प र बन्धूक-पुष्पले भने–"ब्रह्माजीले साँचो भन्नुभएको हो । हामी तीनवटैलाई उहाँले यहाँ ल्याउनुभयो ।" कामधेनुले भनिन्–"म शिरमा बसेर त्यहाँ चढेको बिल्व-पत्र खाइरहेकी थिएँ, ब्रह्माजीले साक्षी बकाउन मलाई यहाँ ल्याउनुभएको हो ।" सबैका कुरा सुनी विष्णु आश्चर्यचकित हुनुभयो र चुपचाप बस्नुभयो । यत्तिकैमा आकाशवाणी भयो–"ब्रह्मा र उनका साक्षीहरू असत्य कुरा बोल्दैछन्, आफू पूज्य बन्नको लागि झूटो बोलेकोले ती तीनवटै पुष्प मेरो पूजामा अग्राह्य हुनेछन् ।" आकाशवाणी सुनेर ब्रह्मा लज्जित भए र विष्णुलाई 'ईश्वर' मानी क्षमा-प्रार्थना गरे । भगवान् शिव प्रसन्न हुनुभयो । त्यही ज्योतिको मध्यभागमा एक बित्ता लामो ज्योतिर्लिङ्गको दर्शन दिनुभयो, ब्रह्मा र विष्णु दुवैले स्तुति गरे । पुनः त्यस दिव्य ज्योतिर्लिङ्गको बीचमा भग-वान् शिव-पार्वतीस्वरूप भई आत्मदर्शन दिनुभयो । ती दुवैले प्रदक्षिणा गरी

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

स्तुति गरे । भगवान् आशुतोष शिवले पञ्चमुख भएर हातमा अमृतकलश र जपमाला लिनुभएको आत्मलिङ्गको दर्शन दिनुभयो र सृष्टिकर्तामा ब्रह्मालाई र पालनकर्तामा विष्णुलाई नियुक्त गर्नुभयो । ब्रह्माविष्णु दुवै आ-आपनो काममा संलग्न रहे । एक हजार वर्ष बित्यो, अनि मात्र देवताहरूले त्यस ज्योतिर्लिङ्गको पूजा गर्न लागे । त्यहीं स्वर्णपुरी निर्माण गरे, जुन देवताहरूको निवासस्थल अर्थात् 'देवपत्तन' (देवताहरूको शहर) नामले प्रसिद्ध भयो । यही हो हाम्रो राष्ट्रदेव पशुपति राज भएको स्वर्णपुरी वा देवपत्तन । यसप्रकार ब्रह्मा-विष्णुको झगडाको टुङ्गो लाग्यो अनि सृष्टिको विस्तार र पालनकर्म नियमित रूपमा हुँदै गयो ।

कुनै एक समयमा एकान्तमा आनन्दसाथ राज भएको समयमा पार्वतीले शिवसँग बिन्ती गर्नुभयो—"भगवन् ! ब्रह्मा-विष्णुको झगडा समाप्त गराउनुभएपछि जगत्को कल्याणका लागि हजूर यहाँ ज्योतिर्लिङ्ग-स्वरूपमा विराजमान हुनुहुन्छ । हजूरको यसै लिङ्गमा यो ब्रह्माण्ड-जगत् उत्पन्न र लीन पनि हुन्छ । सम्पूर्ण जगत् ब्रह्माण्ड मेरै स्वरूप हो भनी जो आज्ञा भयो, के यो सबै कुरा साँचो हो ? अथवा अर्थवादमात्र हो ?" पार्वतीको पवित्र जिज्ञासा सुन्नु भएर शिवले पार्वतीलाई आफ्नो तत्त्वबोध गराउनुभयो । त्यसै वेलामा श्रीशंकरजीले नक्षत्रादि समस्त तारागण र सूर्य-चन्द्रलाई आफ्नो 'ईशान' मुखमा लय गर्नुभयो । ऋषि-मुनि, शक्ति र ब्रह्मादि देवतालाई आफ्नो पूर्व 'तत्पुरुष' मुखमा लय गर्नुभयो । गणसहित लक्ष्मी-विष्णुलाई दक्षिण 'अघोर' मुखमा लय गर्नुभयो । विघ्नगण तथा ऋद्धि-सिद्धि-शक्तियुक्त गणेशलाई पश्चिम 'सद्योजात' मुखमा लय गर्नुभयो । एवं प्रकारसँग सकल चराचर जगत् नै भगवान् पशुपतिनाथ प्रभुमा लीन भयो । तिनै पशुपतिनाथको ज्योतिर्लिङ्गको दर्शन गरी कृतार्थ बन्न कामधेनु, सम्पूर्ण ऋषि-मुनि, देवसङ्घ यहाँ आई निवास गर्छन् ।

ज्योतिर्लिङ्गको उत्पत्ति र मृगेश्वरमूर्तिको संस्थापनासम्बन्धमा गरिएको चर्चाबाट श्रीपशुपतिनाथको महिमा स्पष्ट हुन्छ । उहाँको दर्शनको क्रममा उपर्युक्त मृगेश्वर भगवान्को दर्शन र पूजा अतिमहत्त्वपूर्ण छ । पूजापछि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मृगेश्वरको स्तुति गर्नाले ठूलो पुण्य मिल्दछ । सो स्तुति यस प्रकार छ –

तस्मै नमो भगवते त्रिगुणात्मकाय
दक्षाध्वरप्रमथनाय सुवर्णकाय ।
श्रीनिर्गुणाय निजभक्तसुतारणाय
वन्दे महाहरिणकायधराय नित्यम् ॥१॥

जीर्णा एव मनोरथाश्च हृदये यातं च तद् यौवनं
हन्ताङ्गेषु गुणाश्च बन्ध्यफलतां याता गुणज्ञैर्विना ।
किं युक्तं सहसाभ्युपैति बलवान् कालः कृतान्तो क्षमो
हा ज्ञातं मदनान्तकाङ्घ्रियुगलं मुक्त्वास्ति नान्या गतिः ॥२॥

एकाकी निःस्पृहः शान्तः पाणिपात्रो दिगम्बरः ।
कदा शम्भो ! भविष्यामि कर्मनिर्मूलनक्षमः ॥३॥

य इदं पठते भक्त्या मृगेश्वरशिवालये ।
इह भोगान् वरान् प्राप्य चान्ते कैवल्यमाप्नुयात् ॥४॥

यसरी स्तुतिप्रार्थना गरी भक्तिपूर्वक गाईब्राह्मणलाई सन्तुष्ट गराएर आशीर्वाद लिनू । त्यसपछि मृगशृङ्गोदक तथा खड्गेरिका तीर्थको जल सेचन गर्नू र आर्यातीर्थको दक्षिणतर्फ यमराज, अनन्त, नारायण, पञ्चवगणेश, गृहदेवताहरूको पूजा-परिक्रमा गरी वत्सलाको कलशात्मक मूर्तिको दर्शन-पूजा गर्नु अत्यावश्यक छ । वत्सलादेवीको आराधनाले चारै पुरुषार्थको प्राप्ति हुन्छ । मृगेश्वरको दर्शनपछि 'वत्सला' नामले प्रसिद्ध भगवती पार्वतीको भक्तिपूर्ण आराधना गर्नुपर्दछ । यस क्रममा मन्त्रजप, चण्डीपाठ, पूजा-आराधना गर्नु, गराउनु र शान्त चित्तले स्तुति गर्नुपर्दछ ।

भगवती वत्सलाको स्तुति यस प्रकार गरिन्छ–

नतोऽस्मि हीन्दीवरनीलशोभां
रक्ताम्बरारक्तसुगन्धभूषाम् ।
रक्ताननां रक्तविवाटिकां च
श्रीरक्तदन्तामनिशं भजामि ॥१॥

शिवः परः पारगुणो निरात्मा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

निरञ्जनो यो निरुपद्रवश्च ।
यदिच्छया सर्वमिदं चराचरं
करोति तां देवनुतां भजामि ॥२॥
लक्ष्मीवपुर्धृतवती मुरनाशनस्य
गेहे वपुर्धृतवती द्रुहिणस्य वाचाम् ।
श्रीपार्वतीति कथिता पुरनाशनस्य
तां वत्सलां निखिलरूपधरां भजामि ॥३॥
श्रीकामरूपनिलयां वरविन्ध्यवासां
जालन्धरे ज्वलनरूपधरां भजामि ।
कालीति नामविभवां गिरिराजपीठे
तां कालिकां कलिहरां सततं भजामि ॥४॥
संसारसागरसुतारणपादपोतां
भक्तार्तिनाशनधृतावतरां महेशीम् ।
वेदान्तशास्त्रपरिगम्यतरां मनोज्ञां
भावेन सेवनगमां सुतरां भजामि ॥५॥
देवि ! त्वया भगवति ! प्रलयान्तकाले
संमोह्यते हरिरसाम्बुदधिप्रसुप्तः ।
तन्नाभिजातसरसीरुहजन्मनस्त्वां
दुःखस्य नाशनकरीं भवतीं भजामि ॥६॥
भूयः पुरा भगवती भवती हि लोकान्
दुर्भिक्षपीडिततराच्छतवार्षिकी ये ।
दृष्ट्वा शतेन नयनाम्बुरुहां सुमातः
सर्वान् हि रक्षितवतीं भवतीं भजामि ॥७॥
नमो नमस्ते देवेशि ! सर्वदुःखविनाशिनी ।
विनाशय महादुःखं कृपया भक्तवत्सले ॥८॥
य इदं प्रातरुत्थाय कायं स्नानैः प्रशोध्य च ।
देव्यालये पठेन्नित्यं भक्त्या तत्परया ततः ॥९॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

षण्मासाभ्यन्तरेणैव निर्जरास्तस्य किङ्कराः ।
सकलास्सम्पदस्तस्य भविष्यन्ति वशे किल ॥१०॥
अत्र भोगान् वरान् प्राप्य भक्तिमान् मतिमान् गुणैः ।
पुत्रदारादिसहितो लभतेऽन्ते च सद्गतिम् ॥११॥

पशुपति-प्राङ्गणपरिसरका देवता

वत्सलाको दर्शनपूजा सकेपछि पुनः जयमंगला, नीलसरस्वती, भस्मेश्वर महादेवको दर्शन गर्नुपर्छ । अनि भस्मेश्वरदेखि उत्तर चोकसिढी चढेर माथि प्राङ्गणमा पुगेपछि लिङ्गसमूह (चौसट्ठी लिङ्ग वा चौरासी यन्त्र पनि भनिन्छ) को दर्शनपरिक्रमा गरी त्यहाँ पूर्वपश्चिम मोहडाको सुवर्णद्वारबाट भित्र पसेपछि सामुन्ने दायाँतर्फ (आग्नेयकोणमा) शीतलादेवी र कीर्तिमुख भैरवको शिरोभाग मात्रको मूर्ति छ, गणेशजीको मूर्ति पनि छ, तिनीहरूका साथै त्यहाँका शङ्करनारायण, सूर्य, विष्णु आदिको पूजा गर्नुपर्छ । कीर्तिमुख भैरवको दर्शन-पूजा सर्वप्रथम नगरी पशुपतिनाथको दर्शन–पूजा गरिदा भगवान् पशुपतिले दर्शन–पूजा स्वीकार गर्नुहुन्न, त्यसको फल छैन, अनेकन् विघ्नबाधा आइपर्छन् भनिएको छ । कीर्तिमुख भैरव यस क्षेत्रका प्रथमस्थान प्राप्त क्षेत्रपाल रहनुभएको कुरा पद्मपुराण उत्तरखण्ड, अध्याय ९९ मा र हिमवत्खण्डमा पनि उल्लेख छ । भगवान् शिव (पशुपति) आज्ञा हुन्छः–

त्वं कीर्तिमुखसंज्ञो हि भव मद्द्वारगः सदा ।
त्वदर्चां नैव कुर्वन्ति नैव ते मत्प्रियङ्कराः ॥
नार्चयन्तीह ये पूर्वं तेषामर्चा वृथा भवेत् ।

"हे कीर्तिमुख भैरव, तिमी सधैं मेरो द्वारमा बस । जसले तिम्रो पूजा–दर्शन नगरी मेरो दर्शनपूजा गर्छन् ती मेरा प्रिय हुँदैनन् र तिनीहरूले गरेको मेरो दर्शन–पूजा सबै निष्फल हुनेछ ।" अतः भगवान् पशुपतिनाथ-ज्योतिर्लिगको दर्शनको लागि भगवान् कीर्तिमुख भैरवसँग– "नमो नमस्ते भगवन् ! वर ! भैरव क्षेत्रप !" अनुज्ञां देहि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यात्रायै ज्योतिर्लिङ्गेश्वरस्य हि ॥" भनी अनुमति माग्नुपर्छ, यसपछि भगवन्नामसङ्कीर्तन गर्दै पशुपतिनाथको दक्षिण सामुन्ने रहेका उन्मत्तभैरवको दर्शन गरी यज्ञशाला–यज्ञवेदीलाई परिक्रमा गर्दै अष्टमातृकाको प्रदक्षिणा गरी प्राङ्गणमा स्थित नवग्रह, हनुमान्, सत्य-नारायणको प्रदक्षिणाक्रमले दर्शन-पूजा गरी, नन्दीको दर्शन, स्पर्श र पूजा गर्नु उचित हुन्छ । तत्पश्चात् तुलसीदर्शन गरी बेलकाबृक्षको दर्शनपूर्वक उत्तर त्रिशूलमुनि (खोपाना) भृङ्गणको दर्शन-पूजा-परिक्रमा गर्नु, त्यहीं त्रिशूलमुनि 'माहेश्वर ज्वरेश्वर' को दर्शन, स्नान–पूजा गरी परिक्रमा-क्रमले चण्डेश्वरको दर्शन-पूजा गर्नुपर्छ । त्यसपछि उत्तर-ईशानभागमा स्थित नागराज वासुकीको दर्शन–पूजा गरी दक्षिणतर्फ सिंढीको अन्त्य बायाँ पूर्वतर्फको भवनको कोठामित्रका अमृत्युहरेश्वर (जसलाई गुप्तेश्वर भन्ने चलन छ) को दर्शन–पूजा गरिन्छ । ठिक तिनैको तल आर्यघाट ओर्लने सिंढीको मध्यभाग उत्तर किनारमा एउटा गुफाजस्तो छ, त्यहाँका शिव-लिंगलाई 'गुप्तेश्वर' भनिन्छ, उहाँको दर्शन–पूजा गरी मुक्तिमण्डपबाट आर्यघाटवारि मन्दिरको फेदमा एउटा प्वाल देखिन्छ, त्यहाँको महादेव 'कलियुगेश्वर' भनिन्छन्, उनको दर्शन गरी केही क्षण मुक्तिमण्डपमा विश्राम गर्नु उचित हुन्छ । त्यसपछि स्वाध्याय, मन्त्रचिन्तन, दान–पुण्य गरी मन्दिरको दक्षिण ढोकासामु तामाले छानेको धर्मशिलाको दर्शन–पूजा गरी पशुपतिनाथको दक्षिणद्वारबाट मन्दिरभित्र पसेर पशुपतिनाथको दर्शन–पूजा गर्नुपर्छ । यसरी क्रम मिलाएर दर्शन गर्दा मात्र यथोक्त फल पाइने कुरा उल्लेख भएको पाइन्छ । विधिक्रम नबुझ्याई सोझै शिवको मात्र दर्शन गर्दा विघ्नहरू आउँछन् । भगवान् श्रीपशु-पति आफ्ना गणहरूलाई सम्बोधन गर्दै भन्नुहुन्छ– "हे नन्दी, हे भृङ्गण, गणेश, वासुकि, भैरव ! तिमीहरू मेरो द्वारमा रहेर मेरो क्षेत्रको रक्षा गर । तिमीहरूलाई दर्शन नगरी म भएको ठाउँमा कोही आउँछ भने त्यसलाई पाइला-पाइलामा विघ्न-बाधा पार । जसले श्रद्धाभक्तिपूर्वक तिमीहरूको पूजा–आजा गरी मेरो दर्शन–पूजा गर्छ, त्यो पशुजन्मबाट मुक्त भई मेरो

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

धाममा प्राप्त हुन्छ।"[१४] अतः वासुकि दर्शन पूजा गर्दा प्रार्थना गरिनुपर्छ।[१५] यस प्रकार क्रम-दर्शनको महत्त्व स्पष्ट हुन्छ।

पशुपति दर्शन

पशुपतिनाथको दृश्यमान मूर्ति अरू जस्तो साधारण लिङ्ग होइन, अपितु पुराणहरूमा वर्णन भएअनुसार सज्ज्योतिर्मय ब्रह्मविष्णुशिवात्मक एवं उमा-महेश्वरात्मक ज्योतिर्लिङ्ग हो। त्यसैले भगवान् पशुपतिनाथको जलप्रसाद ग्रहण गरेमा कुनै दोष लाग्दैन, बरु जलप्रसाद ग्रहण नगरेमा नै दोष लाग्दछ। प्रस्तुत ज्योतिर्लिङ्गको दर्शन गर्ने विधान पनि विशेष किसिमको छ। जहाँकहीं पनि शिवजीको दर्शन-परिक्रमा विधिपूर्वक नै गर्नुपर्छ तर श्रीपशुपतिनाथको दर्शनक्रम विशिष्ट महत्त्व राख्दछ। पहिले बयान गरेझैं अरू समस्त देव-देवीहरूको दर्शन-पूजन गरेर पशुपतिमन्दिरको दक्षिणद्वारबाट प्रवेश गरी-

---

१४. नापश्य ये नमन् युष्मानायान्ति च मदन्तिकम्।
विघ्नं ददत यूयं वै तेभ्यो देवाः पदे पदे॥
प्रणम्य गौरवाद् युष्मान् मां प्रपश्यन्ति ये नराः।
गमिष्यन्ति च मे लोकं पशुजन्मानि मोचयन्॥
(हि. ख. १५८।५९-६०)

१५. "कार्पूरहिमकुन्देन्दु श्वेतवर्णोमहाबलः॥
सुखेतोत्पलधारी च सहस्रभोगिमण्डितः॥१॥
वासुकिर्नागराजस्त्वं महाशान्तः रत्नवीर्यवान्॥
त्वन्तु शान्तेन चित्तेन जलपूर्णां महीं कुरु॥२॥
हेमप्रभं भोगि सहस्रमण्डितं पीताम्बरं रत्न किरीट कुण्डलम्॥
वराऽभये पन्नगधारिणं करे त्वां नागराजं प्रणतोऽस्मि वासुकिम्॥३॥
(यो श्लोक भूतपूर्व स्वर्गीय नारायणशास्त्री (वासुकिका पूजाहारीज्यू) को पञ्चाङ्गमा उल्लिखित छन्।)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विधिपूर्वक सबै मुखविग्रहको दर्शन गर्नुपर्छ । यस क्रममा भगवान्को दक्षिण मुहार अघोर (शान्त मूर्ति), घोर (भयंकर), घोरतर–महाकाल–रुद्र, सर्व, शर्व विग्रहको दर्शन–पूजन गर्ने, त्यसपछि अधोमुख कालाग्नि रुद्र, पूर्व तत्पुरुष, उत्तर वामदेव (उमावक्त्र), पुनः पूर्व अनि दक्षिण विग्रहको दर्शन गरी अधोमुख दर्शन गर्ने । तत्पश्चात् पश्चिम (सद्योजात) विग्रहको र उत्तर विग्रहको दर्शन गरी फर्केर पश्चिम विग्रह दर्शन गरेपछि श्रीपशुपतिनाथको दर्शनक्रम पूर्ण हुन्छ ।

पशुपतिमन्दिरभित्र प्रदक्षिणा गर्ने क्रम पनि विशेष किसिमको छ । गृहपरिशिष्ट, जयसिंहकल्पद्रुम, आह्निक आदि अनेक ग्रन्थमा भगवत्परिक्रमाको विधि बताइएको छ । शास्त्रीय निर्देशानुसार गणेशलाई एकपटक प्रदक्षिणा, सूर्यलाई दुईपटक प्रदक्षिणा, विष्णुलाई चारपटक प्रदक्षिणा, शिवलाई तीनपटक प्रदक्षिणा र पीपललाई सातपटक प्रदक्षिणा गर्नुपर्छ । तर शिवजीको प्रदक्षिणा गर्नाले हज्जार अश्वमेध यज्ञको फल पाइन्छ भनी आदित्यपुराणमा उल्लेख गरिएको छ ।[१६] प्रदक्षिणाको पद्धतिमाथि पनि विशेष ध्यान दिनु आवश्यक छ । हरेक कामको लागि सुनिश्चित नियम-क्रम हुन्छ । त्यस्तै परिक्रमाको लागि पनि नियम सुनिश्चित छ । एक पाइलापछि अर्को पाइला सन्निकट मिलाएर चाल्नु, हात नहल्लाउनु र वाणीद्वारा स्तुति-पाठ गर्नु, हृदयले इष्टदेवको ध्यान गर्नु । परिक्रमाका यी चारै अङ्ग पूर्ण हुन सकेमा परिक्रमाको यथोक्त फल पाइन्छ । भनिएको छः–

पदान्तरे पदं न्यस्य करौ चलनवर्जितौ ।
स्तुतिर्वाचि हृदि ध्यानं चतुरङ्गप्रदक्षिणम् ॥

शिव–प्रदक्षिणाक्रम वधि पनि धार्मिक ग्रन्थमा लेखिएको छः–

सव्यं व्रजेत्ततोऽसव्यं प्रणालं नैव लङ्घयेत् ।
वृषं चण्डं वृषं चैव सोमसूत्रं पुनर्वृषम् ॥
चण्डं च सोमसूत्रं च पुनश्चण्डं पुनर्वृषम् ।

---

१६. प्रदक्षिणत्रयं कुर्याच्छिवस्यायतने नरः ।
अश्वमेधसहस्रस्य फलं प्राप्नोति मानवः ॥ (आदित्यपुराण)

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पहिले दायाँ अनि बायाँ जानुपर्छ । प्रणाल (उत्तर लम्बायमान जलहरीको निकास) नालीलाई नाघ्नु हुन्न, परिक्रमा गर्दा वृष (नन्दी) मुख पश्चिमबाट चण्डेश्वर (उत्तर गएको जलहरी) सम्म र पुनः त्यहाँबाट फर्केर वृषमुखसम्म हुँदै सोमसूत्र वा उक्त नालिकासम्म, सोमसूत्रबाट फर्केर चण्डसम्म, त्यहाँबाट फर्केर पुनः वृषमुखसम्म (पश्चिम मुहार) आई दर्शन गर्नुपर्छ ।

आश्रम-धर्मअनुसार अपसव्यबाट परिक्रमा गर्ने विधान पनि हेमाद्रि ग्रन्थको उल्लेख जर्यासिंहकल्पद्रुम आदि ग्रन्थकारले पनि उद्धृत गरेकै छन्:–

अपसव्यं यतिः कुर्यात् सव्यं तु ब्रह्मचारिणः ।
सव्यापसव्यं गृहिणो नित्यं शम्भोः प्रदक्षिणम् ।।१।।

सन्यासीले सधैं दायांतर्फ पूर्व दायाँ प्रदक्षिणा गर्नुपर्छ, ब्रह्मचारीले बायाँतर्फबाट पूर्व दायाँ प्रदक्षिणा गर्नुपर्छ र गृहस्थीले बायाँबाट दायाँ, दायाँबाट बायाँ प्रदक्षिणा गर्नुपर्छ । "शिवस्यार्धं प्रदक्षिणा" अनुसार शिवजीलाई पूर्ण प्रदक्षिणा गर्नु हुँदैन, आधा प्रदक्षिणा नै गर्नुपर्छ अन्यथा प्रत्यवाय लाग्दछ । सोमसूत्र–वासुकीलाई (एउटै मन्दिरभित्र) नाघ्नु हुँदैन । छुट्टै मन्दिरमा वासुकी नाग रहेकोमा विष्णुमन्दिर भए घुम्नै पर्छ, शिवमन्दिरमा हुँदैन । छुट्टै टाढा रहेका नागराजलाई घुम्न दोष छैन स्त्रीजाति स्राव-अवस्थामा रहँदा भने भगवान्को मन्दिरमा जाने पूजा-आजा गर्ने गर्नु हुँदैन । सोमसूत्रमा-प्रमाणबारे लेखिएको छः–

प्रसादविस्तारसमानसूत्रं भवेदुदीच्यां दिशि सोमसूत्रम् ।
सूत्राद्बहिर्लङ्घनतो न दोषः स्याद्दोष आभ्यन्तर लङ्घनेन ।।

अर्थात् मण्डप मन्दिर विस्तार समान दूरी उत्तर (ईशान) मा अवस्थित सोमसूत्र वा वासुकीलाई प्रदक्षिणा गरिनेमा दोष छैन, मन्दिर मण्डपभित्र भने प्रदक्षिणा गरिंदा दोष लाग्दछ । अतः हामीले पशुपति आदि शिवमन्दिरमा परिक्रमा गर्दा उत्तरतर्फ पूर्वबाट पश्चिम र पश्चिमबाट पूर्वमा द्वार-ब्रह्मनाल वा जलहरी–नालिका नाघेर परिक्रमा गर्नु हुँदैन । अतः "शिवस्यार्धं प्रदक्षिणा" भनिएको हो । जहाँ सोमसूत्रद्वय अर्थात् नागराजको छुट्टै मन्दिर पनि छ अथवा जुन स्थानको नागराज भएठाउँमा

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

विष्णु मूर्ति-मन्दिर छ, त्यहाँअ पसव्य होइन, सव्य प्रदक्षिणा गर्नुपर्दछ । अर्थात् नागलाई पनि प्रदक्षिणा गर्नु हुन्छ, भनिएको छ–

सोमसूत्रद्वयं यत्र यत्र वा विष्णुमन्दिरम् ।
अपसव्यं न चार्चीत कुर्वीतैव प्रदक्षिणम् ।।

भगवान् शिवलाई पञ्चदेव, षडाम्नाय, अष्टमूर्ति आदि नामले पुकारिन्छ। पञ्चदेव भन्नाले 'सद्योजात, वामदेव, अघोर, तत्पुरुष र ईशान' यी पाँच नाम जानिन्छन्। षडाम्नाय भन्नाले–

समं पञ्चमुखेभ्यश्च पञ्चाम्नायः समुद्भृताः ।
पूर्वपश्चिमतश्चैव दक्षिणाधस्ततो भवेत् ।।
ऊर्ध्वं नयत्यधःस्थञ्च ष्वाम्नाय इतीरितः ।।
यावन्तः पांशवो भूमेस्तावन्तः समुदीरिताः ।।
एकैकाम्नाययां मन्त्राः भुक्तिमुक्तिफलप्रदाः ।
सर्वेषामेव मन्त्राणां देवतास्तत्फलप्रदाः ।।

(शाक्तानन्दतरङ्गिणी)

यी वाक्य पनि स्मृतिपथमा आउँछन् र ईशान, तत्पुरुष, अघोर, वामदेव, सद्योजात र अधः ऊर्ध्व भागमा सुसम्बद्ध अधराम्नाय (षष्ठमुख) सम्झिन्छन्। क्रमशः ऊर्ध्वमुख, पूर्वमुख, दक्षिणमुख, उत्तरमुख, पश्चिममुख एवं कालाग्नि रुद्रको दक्षिण अघोरमुखको नाभिदेशमा कल्पना गरी ध्यानोपासना गर्नुपर्छ ।

पश्चिम सद्योजात वदन पृथ्वीतत्त्व, उत्तर वामदेव मूर्ति जलतत्त्व, दक्षिण अघोरमुख तेजस्तत्त्व, पूर्व तत्पुरुष वायुतत्त्व र ईशान (ऊर्ध्वमुख) आकाशतत्त्व, अधोमुख वरुण कालतत्त्व मानिन्छन् ।

अष्टमूर्तिमा यिनै पाँच तत्त्वात्मक मुखमूर्ति र काल-समय (सूर्य) आत्मा (यजमान), मन–(चन्द्रमा) समेत अष्टमूर्ति मानिन्छन् । यिनै सर्व, शर्व, भीम, महादेव, रुद्र, पशुपति, भव, उग्र र ईशान मूर्ति हुन् । यिनै महादेव एकादश रुद्र पनि भनिनुहुन्छ । यस्तै अजैकपाद, एकपाद, अहिर्बुध्न्य, विरूपाक्ष, रैवत, हर, बहुरूप, त्र्यम्बक, सुरेश्वर, जयन्त, अपराजित आदि

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

नामक पनि यिनै हुन् । उत्तरमुख वामदेवको विग्रहमा ज्येष्ठादि नाम आउँछन् । शक्तिपीठका स्वामी वामदेव, ज्येष्ठ, श्रेष्ठ, रुद्र, काल, विकरण, बलविकरण, बल, बलप्रमथन, सर्वभूतदमन, मनोन्मन नाम परिगणित छन् । दक्षिण वदन सत्त्वगुणयुक्त अघोर, राजसगुणयुक्त घोर र तामसगुण-युक्त घोर-घोरतर यी तीनै स्वरूप सर्वप्रलयकालमा पनि जगत्मा रहिरहन्छन् । यिनको स्वरूप क्रमशः रुद्र, शर्व, सर्व हुन् ।

विष्णुधर्मोत्तरमहापुराणमा यसरी नामविभाग गरिएको छः—

सद्योजातं वामदेवमघोरं च महाभुजम् ।
तथा तत्पुरुषं ज्ञेयमीशानं पञ्चमं मुखम् ॥

ती पाँच मुखमध्ये पश्चिम सद्योजात विग्रहलाई द्वारका, उत्तर वामदेव विग्रहलाई केदार, दक्षिण अघोर विग्रहलाई प्रशान्त रामेश्वर र पूर्व तत्पुरुष विग्रहलाई जगन्नाथको स्वरूप मानिएको छ । अतः उक्त चार विग्रहको दर्शन-पूजाले चारधाम—देवको दर्शन-पूजा गरेको फल पाइन्छ । ऊर्ध्वमुख सशक्तिक ॐ स्वरूप परब्रह्मतत्त्व 'सदाशिव' मानिएको छ । अधराम्नाय—अधोमुख कालाग्नि रुद्र हाटकेश्वर मानिनुहुन्छ ।

दशदिक्रूप हात सदैमा रहेका छन् । दक्षिण मुख रौद्र भैरव, पश्चिम नन्दिववत्र, उत्तर उमाववत्र, पूर्व महादेव, सोम-सूर्य, अग्नि रूप हुनुहुन्छ । उहाँका मुखविग्रहको वर्णन यसप्रकार छः—

१. पूर्व मुख

दुःखनाशक, ज्ञानदाता र पापीलाई भैरवद्वारा दुःख प्रदान गर्नुहुन्छ । उहाँको उपासनाले भौतिक भोग-सुख, सद्योग र तद्रूपत्व प्राप्ति हुन्छ । तत्पुरुष मुहारको ध्यान यसप्रकार छ—

तत्पुरुषाय विद्महे महादेवाय धीमहि
तन्नो रुद्रः प्रचोदयात् ॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

२. पश्चिम मुख

भैरवसंहारकारी रुद्र, जन्मनाशक, तत्वज्ञानका प्रेरक, संसारसागर-तारक, भक्त-उपासकलाई ऐहिक फल-कर्मयोग प्रदान गर्ने हुनुहुन्छ ।

सद्योजात मुहारको ध्यान यस प्रकार गरिन्छ–

सद्योजातं प्रपद्यामि सद्योजाताय वै नमो नमः । भवे
भवे नातिभवे भवस्व माम् ।। भवोद्भवाय नमः

३. उत्तर मुख

दर्शन-उपासनाले अनुग्रह, अन्तर्लीनता, सामीप्य प्राप्ति हुन्छ । उत्तराम्नायका देव वामदेव (महादेव) पीठ शक्तिका अधिपति हुन् । ज्येष्ठादि सबै विग्रह वामदेवका विग्रह हुन् । यिनैले जीवलाई शिक्षा, शासन गर्दछन् ।

वामदेव मुहारको ध्यान यस प्रकार छ–

वामदेवाय नमो ज्येष्ठाय नमः श्रेष्ठाय नमो रुद्राय
नमः कालाय नमः कलविकरणाय नमो बलविकरणाय
नमो बलाय नमो बलप्रमथनाय नमः सर्वभूतदमनाय
नमो मनोन्मनाय नमः

४. दक्षिण अघोर मूर्ति

शान्त, सात्त्विक छन् । घोर मूर्ति रजोगुण र घोरघोरतर विग्रह तमोगुण तथा अघोरसर्वसृष्टिकर्ता र जन्मादिक्षयनाशक घोर– शर्व– पालनकर्ता मृत्यु-दारिद्रचादिभयनाशक घोर-घोरतर-(रुद्र)विनाशकर्ता र मायादिदुःखनाशक हुनुहुन्छ । उहाँको ध्यान यस प्रकार छ–

अघोरेभ्योऽथ घोरेभ्यो घोरघोरतरेभ्यः ।
सर्वेभ्यः सर्व शर्वेभ्यो नमस्ते अस्तु रुद्ररुपेभ्यः

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

५. ईशान मुहार

ईशान-मूर्ति सदाशिव वेदशास्त्रादि विद्या र चौसठ्ठी कलात्मक विद्या-प्रकाशक, नियामक एवं सकल ब्रह्माण्डका नियन्ता, वेद-ज्ञानका प्रतिपालक, हिरण्यगर्भका पनि नियन्ता, शान्त र कल्याणस्वरूप ओङ्कारात्मक सशक्तिक सदाशिव (ब्रह्म) ऊर्ध्वमुख हुनुहुन्छ। दर्शन मध्यभागमा गरिनुपर्दछ।

ईशान मुहारको ध्यान यस प्रकार छ–

ईशानः सर्वविद्यानामीश्वरः सर्वभूतानां ब्रह्माधिपतिर्ब्रह्मणोऽधिपतिब्रह्मा शिवो मे अस्तु सदाशिवोम्

६. अधराम्नाय

अधोमुख अघोर, घोर, घोरघोरतरात्मक रूप पशुपतिनाथको दक्षिण मुहारको नाभिप्रदेशमा कालाग्नि रुद्र नामले विराजमान (हाटकेश्वर) हुनुहुन्छ। उहाँको उपासकले सायुज्यमुक्ति प्राप्त गर्दछ।

विष्णुधर्मोत्तरअनुसार पूर्व महादेवमुख सोम-सूर्य-अग्न्यात्मक त्रिनेत्र हुनुहुन्छ। दक्षिण रौद्र भैरव रूप हुनुहुन्छ। पश्चिम नन्दिमुख, उत्तर उमामुख अतिपवित्र सदाशिव पञ्चवदन हुनुहुन्छ। उहाँका तीन आँखा छन्। वामदेव द्विनेत्र हुनुहुन्छ। महादेवमुख भूमि र भैरवमुख मानिन्छ। पश्चिम नन्दिमुख वायु र जल रौद्रेय भनिन्छ। सदाशिवमुख आकाश दशदिक्बाहु भएका हुनुहुन्छ। हातमा रुद्राक्षमाला, कमण्डलु छन्। सदाशिवले चाप बाण लिनुभएको छ। महाभुज हुनुहुन्छ। महेश्वरले चाप र पिनाकधनु लिनुभएको छ र पिनाकधनु शब्दायमान छ।

महादेवको जटा पूर्ववर्णित प्रकारको छ र ऐश्वर्य एवं चान्द्रीकला शिरमा छ। जटास्थित वासुकी त्रिलोकलाई शमन र दमन गर्ने शक्ति रूप हो। व्याघ्रचर्म विशाल तथा चित्र-विचित्र रूपको तृष्णा हो। वृषभ चतुष्पाद धर्म भगवान्को स्वरूप हो। जगत् उत्पत्ति गर्ने काम प्रकृतिले गर्छिन्,

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

प्रकृतिको स्वरूप शुवलवर्ण रहेको छ र महेश्वर पनि शुवलवर्णका नै हुनुहुन्छ। अप्रतिमस्वरूप भगवान् महेश्वर सर्वजगन्मयरूप हुनुहुन्छ । उहाँ प्रभुको शरीरले सम्पूर्ण ब्रह्माण्डलाई धारण गरेको छ, अथवा ब्रह्माण्ड उहाँभित्र रहेको छ । महेश्वरमात्र जगत्मा प्रधान हुनुहुन्छ, नेता हुनुहुन्छ । उहाँको उपासना, दर्शन, पूजा, प्रदक्षिणा भक्तिपूर्वक गरिनुपर्दछ । त्यसपछि गरीब र विद्वान्, वेदज्ञ ब्राह्मणलाई सुवर्ण, अन्न, वस्त्र प्रदान गरी भगवान्लाई साष्टाङ्ग दण्डवत् प्रणाम गर्नुपर्छ । साष्टाङ्ग दण्डवत् गर्ने अनुकूलता नपरे भक्तिपूर्वक शिर झुकाएर हात जोडी निर्भयतापूर्वक निःसङ्कोच नमस्कार गर्नुपर्छ र पञ्चाक्षरमन्त्र जप्नुपर्छ । त्यस्तै वेदादि मन्त्रस्तोत्र-पाठ गर्नुपर्छ । पञ्चाक्षरी महामन्त्र जप्दा विचार पनि पुऱ्याउनै पर्दछ । असंस्कृत द्विज, द्विजसन्तति, स्त्रीशूद्रले "शिवाय नमः" मात्र तथा संस्कृत द्विजातिले "ॐ नमः शिवायः" जप गर्नुपर्छ । उक्त प्रकारको विपरीत जप गरे पुण्यको बदला पाप लाग्छ भनी शिवपुराणमा पनि लेखिएको छ ।

पशुपति स्तोत्र– पाठ :

नमः पशुपतेऽनिशं प्रमथसंघनाथाय ते
हृषीकवृजिनाब्धिसंप्रतरणाय शंदाय ते ।
समस्तसुरसेविताङ्घ्रिकमलाय गौरीश ते
नमोऽस्तु मम सर्वदा भव भवाधिसन्तारिणे ॥१॥
भवतां भव ताण्डवप्रिय ! त्रिजगत्क्रीडनमेव वेद्म्यहम् ।
अत एव भवाब्धिभीतकः सततं नौमि प्रसीद मौनिराट् ॥२॥
करचरणकृत वावकायजं कर्मजं वा
श्रवणनयनजं वा मानसं वाऽपराधम् ।
विहितमविहितं वा सर्वमेतत्क्षमस्व
जय जय करुणाब्धे ! श्रीमहादेव ! शम्भो ॥३॥
इदं पशुपतेः स्तोत्रं प्रातरुत्थाय यो नरः ।
पठेत् पशुपतेरारान्मुच्यते सकलादघात् ॥४॥

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

यसरी श्रद्धा-भक्तिपूर्वक स्तुति-प्रार्थना, आरती, भजन गर्नु, यथाशक्ति पत्र-पुष्प, चन्दन, अक्षता, श्रीखण्डादि द्रव्यले पूजा गर्नु, गङ्गाजल, गाईको दूध, घिउ, दही, मह, सखरले भगवान्‌लाई स्नान गराउनु, बिल्वपत्र समर्पण गर्नु, जलाभिषेक गर्नु, ब्राह्मणद्वारा वा समर्थ भए आफैं वेद-रुद्री पाठ गर्नु, दर्शन-पूजा-दक्षिणा-भोजनले ब्राह्मणलाई सन्तुष्ट पार्नु, दीन-दुःखीलाई यथाशक्ति अन्नादि दान दिनु, भगवान्‌को चरणामृत केही पान गरी शेष शिरमा लगाउनु अनि शुद्ध जल हातमा लिई—'मन, वचन, कर्म, इन्द्रिय, बुद्धि, आत्मा वा स्वभावले जे- जे शुभ कर्म गरें त्यो त्यो ईश्वरमा समर्पित होस् र अशुभ हुन गएको बाँकी भए ईश्वरीय कृपाले पूर्ण होस्, यो सबै कर्म ईश्वरको हो, मेरो केही होइन र मेरो हकदाबी छैन, हरि ॐ तत्सत्' भनी भूईमा जल छोड्नु, प्रसाद लिई घर फर्कनु र सबै परिवार, इष्टमित्रलाई प्रसाद दिनु । मन्दिरको बाहिर पुगेपछि २-४ जना जतिलाई सकिन्छ, ब्राह्मण बोलाई उत्तर शिखर कैलाश-मैदानमा लगी टीका लगाई मिष्ठान्न भोजन-दक्षिणा दिनु । पशुपति ढोकाको केही पर बायाँतर्फ भैरव (अक्रूणिशिला) छन्, त्यहीं दक्षिणतर्फ झंकेश्वरी पीठ र श्रीशंकराचार्यको दर्शन गरी त्यहाँबाट पश्चिम भुवनेश्वरी जननीको पीठ छ, त्यहाँ मन्दिर-बाहिर भुवनेश्वर महादेव हुनुहुन्छ, दर्शन पूजा गर्नु र त्यहीं भुवनेश्वरी सरस्वती कुण्ड (ज्ञानकुण्ड)—भुवनेशी-सरस्वती कुण्डभन्ने भुवनेशीकुण्ड पश्चिमतर्फ प्राङ्गणको छेउमा ढुङ्गेधारोको रूपमा छ र सरस्वतीकुण्ड मन्दिरको सन्निकट आग्नेयकोणमा चारपाटे ढुंगाले छोपिएको छ, त्यहाँको जलसेवन-आचमन गरी त्यहाँबाट पश्चिम-प्रसिद्ध 'जयवागीश्वरी' 'शुक्ला सरस्वती' को दर्शन गरी त्यहाँबाट अलिपर दायाँतर्फ मृत्युञ्जय र त्यहाँ-देखि केही पर 'ताम्रेश्वर' शिवलिङ्गको दर्शन-पूजा गरी त्यहाँदेखि पश्चिम रुद्रमतीको किनारमा 'भण्डारेश्वर महादेव' (कोषेश्वर) को दर्शन-पूजा गरेपछि पशुपतिदर्शन-क्रम पूर्ण हुन्छ । पशुपति क्षेत्रमा भएका चन्द्रविनायक, चनकाली, वज्रेश्वर, पाँचु गणेश, दक्षिणामूर्ति आदि देवदेवीका दर्शन-स्पर्शन पूजादि यथाशक्य गर्नुपर्दछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

उपसंहारः—

भगवान् श्री पशुपतिनाथको महिमा जति गाए पनि थोरै हुन्छ। उहाँ समस्त नेपालीहरूकामात्र नभई विश्वभरि छरिएर रहेका हिन्दूमात्रका परम श्रद्धेय र आराध्य परब्रह्म-परमेश्वर स्वरूप हुनुहुन्छ। सांसारिक सुखभोग वा पारमार्थिक उद्धारको लक्ष्य लिएर उहाँका पाउमा पर्ने कसैले पनि खाली हात फर्कनु पर्दैन भन्ने पक्का विश्वास भक्तहरू गर्दछन्। केदारखण्डकै शिरोभाग भएर जाज्वल्यमान ज्योतिर्लिङ्गको रूपमा विराजमान हुनुभएकाले पनि श्री पशुपतिनाथको अपार अनन्त महिमा गाइएको हो।

भगवान् श्री पशुपतिनाथको दर्शन-पूजन गर्ने धार्मिक-शास्त्रीय विधिको संक्षिप्त क्रम माथि बताइयो। यसबाट शास्त्रीय विचार र धार्मिक नियमको बलियो आधारमा धार्मिक आध्यात्मिक कृत्य सम्पन्न गर्न चाहने श्रद्धालु दर्शनार्थीहरूको लागि पशुपति क्षेत्रमा देव-देवीको दर्शन गरी श्री पशुपतिनाथको दर्शन पद्धतिको राम्रो ज्ञान प्राप्त हुनेछ।

सम्पूर्ण नेपाल-अधिराज्य नै देवक्षेत्र हो र अर्को शब्दमा यसलाई पाशुपत महाक्षेत्र पनि भन्न सकिन्छ सामान्यतः पशुपतिनाथको मन्दिर वरिपरिको पवित्र भू-भागलाई पाशुपत क्षेत्र भनिन्छ। यहाँका सम्पूर्ण देव-मन्दिरहरूको आफ्नै विशिष्ट महत्त्व छ। खास गरी ज्योतिर्लिङ्गमय भगवान् श्री पशुपतिनाथ, श्री गुह्यकाली शक्तिपीठ र पावनतम वाग्मती नदीको अपूर्व सङ्गमस्थल हुनाले पशुपति क्षेत्रको अद्भुत महिमा गाइन्छ।

पशुपति सम्म लिङ्ग वाग्वत्या च समा नदी।
गुह्येश्वरीसमं पीठ नास्ति ब्रह्माण्डगोलके॥

वास्तवमा अभीष्ट फल प्राप्त गर्ने पशुपतिनाथको विधिपूर्वक दर्शन-पूजन गर्नै पर्दछ। तर वर्तमान कालमा सो दर्शनपद्धतिको परम्परा शिथिल हुँदै गएको अनुभव हुन्छ। प्राचीन वैदिक वाङ्मय र दर्शन शास्त्रहरूमा पशुपतिमा पशुपति तत्त्वको विवेचना गरिएको छ। पशुपति

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

पुराण, स्कन्द पुराण, लिङ्गपुराण, वाराहपुराण, शिवपुराण आदि पौराणिक साहित्य र शास्त्रीय ग्रन्थहरूमा श्री पशुपति र पाशुपत क्षेत्रको महिमाका साथै पशुपति दर्शनक्रम पनि उल्लिखित छ । यस पुस्तिकामा ती विभिन्न ग्रन्थहरूका साथै विशेष रूपमा स्कन्दपुराण अन्तर्गत हिमवत्खण्डको आधार लिइएको छ । ज्योतिर्लिङ्गको उत्पत्ति, मृगस्थलीमा भगवान्को लीलाविहार, सबै मुखविग्रहको संक्षिप्त वर्णन, गुह्येश्वरीको ध्यानस्वरूप जस्ता विषयहरूको समावेश गरी यो कृति सकभर उपयोगी हुन सकोस् भन्ने प्रयत्न गरिएको छ । श्री पशुपतिनाथको अपार महिमा बुझेर साथि बताइएको पद्धतिबाट भक्तिभावपूर्वक दर्शन-पूजा गरेमा निष्काम वा सकाम सबै किसिमका भक्तहरूलाई परम कल्याण हुनेछ ।

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal

CC-0. In Public Domain. Digitization by eGangotri

मुद्रक : साझा प्रकाशनको छापाखाना, पुलचोक । फोन नं. ५–२१०२३

Prof. Madhav Prasad Lamichhane Collection, Kathmandu, Nepal